

**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क २०६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ साउन २२ गते बिहीबार ❑ 7 Aug. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## संघ सरकारसमक्ष १० वटा माग राख्दै गण्डकी प्रदेश

**पोखरापत्र संवाददाता**
पोखरा, २१ साउन

गण्डकी प्रदेशस्थित विकास समस्या समाधान समितिको बैठकमा बाँदरको आतङ्क नियन्त्रणदेखि रामसार क्षेत्रको संरक्षण र व्यवस्थापनसम्मका विषयमा सङ्घ सरकारले सहयोग गर्नुपर्ने माग उठेको छ।

प्रदेश नीति तथा योजना आयोगद्वारा बुधबार पोखरामा आयोजित समितिको १२औँ बैठकले विभिन्न क्षेत्रका १० वटा माग समेटेर राष्ट्रिय विकास समस्या समाधान समितिमा पेस गर्ने निर्णय गरेको हो।

प्रदेशस्तर र सङ्घ सरकारबाट समाधान हुनुपर्ने विषयमा मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, विषयगत मन्त्रालयका मन्त्री, सचिव, स्थानीय तहका प्रमुखलगायत सरोकार भएका पक्षहरूबीच भएको बैठकमा १० वटा माग समेटेर राष्ट्रिय विकास समस्या समाधान समितिमा पेस गर्ने विषयमा छलफल भएको आयोगका उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटाले जानकारी दिनुभयो।

बैठकले अनुमोदन गरेको पहिलो प्रस्तावमा विगतमा प्रदेश विकास समस्या समाधान समितिबाट निर्णय भई राष्ट्रिय विकास समस्या समाधान समितिमा पेस गरिएका निर्णय कार्यान्वयनका लागि सङ्घ सरकारलाई पुनःअनुरोध गर्ने निर्णय गरिएको छ। समितिका सदस्यहरूले बैठकका निर्णय आंशिक मात्र कार्यान्वयन भएको



भन्दै हरेक निर्णयको प्रभावकारी कार्यान्वयनमा जोड दिँदै आएका छन्। नवलपुरको त्रिवेणी गाउँपालिकाको दुम्किबासबाट त्रिवेणीसम्मको हुलाकी मार्गमा लामो समयदेखि अलपत्र अवस्थामा रहेको आठ किमी सडक निर्माणमा सहजीकरण गरिदिन सङ्घ सरकारसमक्ष माग गरिएको छ। प्रदेश सरकारको क्षेत्राधिकार स्पष्टताका लागि कार्य विस्तृतीकरण प्रतिवेदनको यथाशीघ्र कार्यान्वयन गर्नुपर्ने, सङ्घीय अनुदानमा सञ्चालित आयोजना सम्पन्न नहुँदासम्मको स्रोत व्यवस्थापन गर्नुपर्ने र सङ्घ सरकारबाट सञ्चालित प्रोदिशक विषयगत मन्त्रालय बजेट प्रविष्टि प्रणालीलगायत सूचना प्रणालीमार्फत प्रदेशलाई आवश्यक पर्ने प्रतिवेदन प्राप्तिका लागि पहुँच उपलब्ध गराउन सङ्घ सरकारसमक्ष अनुरोध गरिएको छ।

बैठकले प्रदेश राजधानी पोखराका रामसार सूचीमा सूचीकृत नौ वटा तालको दिगो संरक्षण गरी पर्यापर्यटनमार्फत अर्थोपाजनका लागि स्थानीय तह र प्रदेश सरकारसँग सहकार्य तथा समन्वय गरी व्यवस्थापन योजना बनाई कार्यान्वयन गर्न अनुरोध गरेको आयोगका उपाध्यक्ष डा देवकाटाले बताउनुभयो। वन, वनस्पति तथा भू-संरक्षणसम्बन्धी विकास कार्यक्रमलाई प्रकृतिमा आधारित भएर सञ्चालन गर्न र सोसम्बन्धी व्यवस्थामा आवश्यक संशोधन गर्नुपर्नेमा जोड दिइएको उहाँको भनाइ छ।

बैठकले बँदेल र बाँदरलाई यस वर्ष पनि कृषिका लागि हानिकारक वन्यजन्तु घोषणा गर्न सङ्घीय वन तथा वातावरण मन्त्रालयमार्फत सङ्घ सरकारसमक्ष अनुरोध गर्ने निर्णय गरेको छ। कृषि आयकरका विषयमा सङ्घ सरकारले ऐनमा भएको व्यवस्थामा थप स्पष्टता ल्याउन र सङ्घ सरकारको स्वामित्वमा रही प्रदेश सरकारले उपभोगगरिरहेकाजग्गाकोस्वामित्व प्रदेश सरकारलाई हस्तान्तरण गर्ने पक्रियामा सहजीकरण गरिदिन सङ्घ सरकारसमक्ष अनुरोध गरिएको हो।

प्रदेशमा सञ्चालित आयोजना बैंकको प्रभावकारी कार्यान्वयन नहुँदा विनियोजन कुशलता अपेक्षित रूपमा हासिल हुन नसकेकामा प्रदेश आयोजना बैंक कार्यविधिअनुसार विषयगत मन्त्रालय तथा निकायलाई आफू मातहतका आयोजना आयोजना बैंक प्रणालीमा अद्यावधिक गर्न बैठकले निर्देशन दिएको छ।

यस्तै नदीजन्य निर्माण सामग्रीको रोयल्टी सङ्कलनलाई व्यवस्थित बनाउन कानुनी व्यवस्था मिलाउने र बजेट क्यालेण्डर निर्माण गरी अनिवार्य रूपमा कार्यान्वयन गर्ने निर्णय भएको उपाध्यक्ष डा देवकोटाले बताउनुभयो।

मुख्यमन्त्री पाण्डेले बैठकले गरेका निर्णय राष्ट्रिय विकास समस्या समाधान समितिमा प्रस्तुत गरिने जानकारी दिनुभयो। विगतमा गरिएका निर्णयको प्रभावकारी कार्यान्वयनका लागि आफूले सक्दो पहल गरिरहेको उहाँको भनाइ छ। मुख्यमन्त्री पाण्डेले उत्पादनमूलक क्षेत्रमा स्थानीय तहसँग सहलगानी र साझेदारीमा कार्यक्रम सञ्चालन गरिने बताउनुभयो। प्रदेशको प्रशासनिक पुनःसंरचना गर्न लागिएको उल्लेख गर्दै उहाँले त्यसबाट प्रशासनिक खर्च कटौती हुने बताउनुभयो। मुख्यमन्त्री पाण्डेले बाँकी रहेका स्थानीय तहमा कानुनी सहजकर्ता नियुक्तिका लागि छिट्टै प्रक्रिया अगाडि बढाइने बताउनुभयो।

गाउँपालिका राष्ट्रिय महासङ्घ, नेपालका अध्यक्ष लक्ष्मीदेवी पाण्डे, कास्कीको रुपा गाउँपालिकाका अध्यक्ष नवराज ओझा, बागलुङको बडिगाड गाउँपालिकाका अध्यक्ष गण्डकी थापा अधिकारीलगायतले बैठकमा सुझाव राख्नुभएको थियो।

## बहुविवाह गर्न पाउने प्रस्तावित मस्यौदाप्रति ध्यानाकर्षण

**पोखरापत्र संवाददाता**
पोखरा, २१ साउन

नेपाल सरकार कानुन तथा संसदीय मन्त्रालयले मुलुकी अपराध संहियतालाई संशोधन गर्न ल्याएको बहुविवाह गर्न पाउने प्रस्तावित मस्यौदा प्रति नेपाली काँग्रेस गण्डकी प्रदेश महिला विभागको ध्यानाकर्षण भएको जनाएको छ।

विभागद्धारा पोखरामा आयोजित महिलाहरुको बिशेष भेलाले नेपाली काँग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्मामार्फत ध्यानाकर्षण पत्र हस्तान्तरण गरिएको छ। सो पत्रमा महिलाहरुको आत्मसम्मानमा ठेस पुर्‍याउने गरि अझै पनि दोस्रो दर्जाको नागरिकको रुपमा धचेट्ने अभिप्रायले सरकारले बहुविवाह गर्न पाउने सम्बन्धि कानुन प्रस्तावित मस्यौदालाई अगाडि नबढाउन चेतावनी दिएको छ। सो पत्र बुझ्दै सभापति शर्माले ज्ञापनपत्रमा उल्लेख भएका बिषयलाई सम्बन्धित ठाउँमा पुर्‍याउने बताउनुभयो। प्रजातन्त्रमा सबै नागरिक समान हुने र कसै




माथि विभेद नहुने स्पष्ट पार्नुभयो। संसार चलाउन भगवान्ले लिङ्गको आधारमा महिला र पुरुष भनिएको उहाँले बताउनुभयो। शरीर महिला हो भने पुरुष आत्म हो भन्ने भनाई राख्नुभयो।

उक्त कार्यक्रममा काँग्रेस गण्डकी प्रदेशका उपसभापति कल्पना तिवारीले महिला नै काँग्रेस संगठनको मुल आधार भएको बताउनुभयो। त्यसैगरी अर्का उपसभापति मेखलाल श्रेष्ठले महिलाहरुलाई अझ सशक्त बनाई राजनीति मुलधारमा ल्याउन आवश्यक रहेको बताउनुभयो। महामन्त्री विष्णु लामिछानेले सवल संगठनको पहिलो आधार काँग्रेस भित्र महिला विभाग रहेको बताउनुभयो। पार्टी प्रवक्ता मधु बास्तोलाले नेपाली काँग्रेसमा मात्र समानुपातिक, समावेशीतालाई पहिलो मान्यता दिने भएकाले महिलाहरुलाई राजनीतिमा आउन उत्प्रेरित गर्नुभयो। गण्डकी प्रदेश महिला विभाग प्रमुख शकुन्तला शर्माले कार्यक्रमको अध्यक्षता गर्नुहुदै सरकारले ल्याउन थालेको विद्येयकको विरोध गर्नुभयो। प्रदेशका ११ जिल्लाका महिला प्रतिनिधिहरुको सहभागिता रहेको सो कार्यक्रममा मनोनित गरिएका महिला विभागका सदस्यहरुलाई प्रमाण-पत्र प्रदान गरियो। सहभागी महिला एवं विभागका प्रमुखहरुले नेपाली काँग्रेसको संगठन र भावी कार्यदिशा बारे बोल्नुभएको थियो।

## मुक्तिनाथमा यार्तुङ महोत्सव

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २१ साउन

धार्मिकस्थल मुक्तिनाथ क्षेत्रमा मङ्गलबारदेखि 'यार्तुङ' महोत्सव, २०८२ सुरु भएको छ।

जनप्रिय युवा क्लब पुराङ रानीपौवाको आयोजनामा यार्तुङ महोत्सव सुरु भएको हो। यहाँको पवित्र धार्मिकस्थल एवं पावन भूमि मुक्तिनाथको काखैमा अवस्थित बारागुङ मुक्ति क्षेत्र-१ स्थित पुराङ रानीपौवा खेलमैदानमा परम्परागत यार्तुङ महोत्सव शुभारम्भ गरिएको हो। महोत्सवको जिल्ला समन्वय समितिका प्रमुख माया गुरुङ र भारकोट छोदे गुम्बाका लामा घिर्मी रिङजिन ठकुरीले संयुक्त रुपमा महोत्सव शुभारम्भ गर्नुभयो। जिसस प्रमुख माया गुरुङले यार्तुङ पर्व यहाँको मौलिक संस्कृति रहेकाले यसप्रकार पर्वहरु संरक्षण तथा पुस्तान्तरण

बाँकी अन्तिम पृष्ठमा ▶▶

## राजनीतिक दल स्वमूल्याङ्कन कार्यविधि संविधानविपरीत रहेको विपक्षी दलको निष्कर्ष

**रासस**
काठमाडौं, २१ साउन

प्रमुख प्रतिपक्षी नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)सहितका विपक्षी दलहरूले 'राजनीतिक दल स्वमूल्याङ्कन कार्यविधि, २०८२' संविधान विपरित रहेको निष्कर्ष निकालेको छ।

माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को आह्वानमा संसदीय दलको कार्यालय सिंहदरबारमा आज बसेको विपक्षी दलहरुको बैठकले सो कार्यविधि स्वमूल्याङ्कनका नाममा दलमाथि नियन्त्रण गर्ने उद्देश्यका साथ ल्याउन लागिएको ठहर गरेको हो। बैठकमा अध्यक्ष दाहालले सो कार्यविधि हालको संविधान, ऐन तथा कानुन विपरीत रहेकाले सर्म्पूण दलको साझा धारणा बनाउन आवश्यक रहेको बताउनुभयो। माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुनले सत्ता गठबन्धनमा रहेका कांग्रेस र एमालेले निर्वाचन आयोगलाई सो कार्यविधि जारी गर्न स्वीकृति दिएको सूचना पाएको जनाउँदै त्यसका आधारमा निर्वाचन आयोगले कार्यविधिमा राखेको प्रावधान साना दललाई नियन्त्रण गर्ने प्रयास भएको बताउनुभयो।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले प्रस्तावित कार्यविधि राजनीतिक दलसम्बन्धी ऐन, २०७३ सँग मेल नखाने बताउनुभयो। उहाँले कार्यविधिबाट प्रस्तावित समिति, त्यसका संयोजक तथा अधिकारहरू संविधान र कानुनको मर्मविपरीत रहेको उल्लेख गर्नुभयो।

राष्ट्रिय स्वतन्त्र पार्टीका नेता गणेश पराजुलीले कार्यविधिको मनसाय नै गल्तीपूर्ण भएको दाबी गर्दै आफूहरू यसको विरोधमा रहेको प्रष्ट पार्नुभयो। जनमत पार्टीका अध्यक्ष डा चन्द्रकान्त राउतले निर्वाचन आयोगले साना दलहरूको अभिलेख अद्यावधिक नगरेको गुनासो गर्दै आयोग साना पार्टीलाई हटाउने रणनीतिमा लागेको बताउनुभयो।

आम जनता पार्टीका अध्यक्ष प्रभु साहले संविधान र ऐन विपरीत भएको स्पष्ट रहेको भन्दै यसविरुद्ध सङ्घर्ष आवश्यक भएको बताउनुभयो। राष्ट्रिय प्रजातन्त्रञ्ज पार्टीका नेता बुद्धिमान तामाङ, लोसपाकी नेतृ रेखा यादव, जनमत पार्टीका अध्यक्ष डा सीके राउत, नागरिक उन्मुक्तिका नेता तथा अन्य दलका प्रतिनिधिले कार्यविधि संविधान, लोकतन्त्र र दलको स्वायत्ततताविरुद्ध रहेको टिप्पणी गर्नुभयो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्फलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१


## पृथ्वीराजमार्गको तनहुँ खण्ड : दुर्घटनाका पाँच जोखिमयुक्त स्थान पहिचान

**रासस**
दमौली, २१ साउन

पृथ्वीराजमार्ग अन्तर्गत तनहुँ खण्डमा दुर्घटना सङ्ख्याका आधारमा पाँच प्रमुख जोखिमयुक्त स्थानको पहिचान गरिने भएको छ।

विस्तारमा रहेको मुग्लिन पोखरा सडकका कारण तनहुँ खण्डमा दुर्घटना बढेकाले दुर्घटना न्यूनीकरणका लागि पाँच प्रमुख जोखिमयुक्त स्थान पहिचान गर्न लागिएको हो।

जिल्ला प्रशासन कार्यालय तनहुँमा राजमार्ग सुरक्षा तथा अवरोध हटाउने जिल्ला समन्वय समितिको बैठकले जिल्ला ट्राफिक प्रहरी कार्यालयको समन्वयमा जोखिमयुक्त स्थान पहिचान गरी प्राविधिक पक्षको अध्ययन गरी सुधारका आवश्यक उपायहरू अवलम्बन गर्न मुग्लिन पोखरा सडक विस्तार आयोजना (पूर्वी) र (पश्चिम) खण्डलाई निर्देशन दिइएको प्रमुख जिल्ला अधिकारी रामकृष्ण अधिकारीले जानकारी दिनुभयो। उहाँले राजमार्गमा हुने अवरोध समन्वयात्मक रुपमा हटाउन जिल्ला प्रशासन

बाँकी अन्तिम पृष्ठमा ▶▶

## भारतीय राजदूतावास
## पेन्सन वितरण कार्यालय, पोखरा

सत्यमेव जयते

## दरभाउ उपलब्ध गराइदिने सम्बन्धमा ।

भारतीय राजदुतावास, पेन्सन वितरण कार्यालय पोखरामा, रेट कन्ट्रेस्ट एग्रीमेष्ट गर्नुपर्ने भएकोले एग्रीमेण्ट भएको मितिबाट कम्तीमा एक वर्षको लागि निम्न लिखित सामाग्रीहरुको अवश्यकताको लागि दर, भाउ सम्बन्धी सम्झौता (Rate Contract) गर्न इच्छुक फर्म वा कम्पनिले यस कार्यालयमा मिति २० अगष्ट २०२५ दिनाङ्क (२०८२ भाद्र ०४) गतेसम्ममा उपलब्ध गराइदिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

(क) स्टेशनरी सम्बन्धी समाग्री ।
(ख) प्रिन्टिङ सम्बन्धी सामाग्री ।
(ग) भवन मर्मत र संहार सम्बन्धी सामाग्री ।
(घ) खानेपानी आपूर्ति सम्बन्धी सामाग्री ।
(ङ) सरसफाई सम्बन्धी सामाग्री ।
(च) IT स्टेशनरी सम्बन्धी सामाग्रीहरुः (Computer Paper, Genuine ink, Toner & Cartridge).

**नोटः आवश्यक पर्ने सामाग्रीहरुको विवरण र कन्ट्रेक्ट एग्रीमेण्टको नियमहरु यस कार्यालयको प्रशासन शाखाबाट प्राप्त गर्न सकिने छ।**

**सम्पर्क नं.:- ०६१-४३५८०४**
**०६१-४३५८०५**

**सहायक सहचारी र कार्यालय प्रमुख**
**भारतीय राजदुतावास**
**पेन्सन वितरण कार्यालय, पोखरा**

# वडा कार्यालयको समन्वयमा बाटुलेचौरमा तीज मेला हुने

पोखरापत्र संवाददाता
पोखरा, २१ साउन

नेपाली नारीको सांस्कृतिक पर्व हरितालिका तीजको अवसरमा पोखराको बाटुलेचौरमा ऐतिहासिक तीज मेला हुने भएको छ।



वडा कार्यालय, पोखरा १६ को समन्वयमा आगामी भदौ ९ र १० गते स्थानीय बाटुलेचौर खेल मैदानमा ऐतिहासिक बाटुलेचौर तीज मेला गर्न लागिएको वडा सदस्य राजकुमारी बानियाँले जानकारी दिनुभयो परापूर्वकालदेखि बाटुलेचौरमा हुदै आएको मेलालाई निरन्तरता दिन र पर्वको धार्मिक तथा सांस्कृतिक पक्षलाई जोगाउन पनि २ दिनसम्म मेला संचालन गर्न लागिएको बानियाँले बताउनुभयो।मेला संचालनका लागि भएको भेलाले वडा सदस्य बानियाँ संयोजक र मञ्जु नेपाली सहसंयोजक रहेको मुल समिति र विभिन्न ८ वटा उपसमिति गठन गरेको छ।

आर्थिक व्यवस्थापनमा अनिल बस्नेत, प्रचार प्रसार उपसमितिमा मोहन थापा, स्वास्थ्यमा दुर्गा केसी थापा, लोक नृत्य व्यवस्थापनमा रामबहादुर बानियाँ, मञ्च व्यवस्थापनमा गुरूदत्त भट्टराई, महिला दौडमा नन्दा गुरुङ, खाजा व्यवस्थापनमा कमला तिमिल्सिना र तीज गीत तथा सांस्कृतिक कार्यक्रम व्यवस्थापन सचिवालयले गर्ने गरी संयोजक तोकिएको बताईएको छामेलाको पहिलो दिन भदौ ९ गते बिहान मैदान देखि महेन्द्र गुफासम्म प्रभातफेरी र महिला दौड, विद्यालय स्तरीय लोकनृत्य प्रतियोगिता, १० गते मेलाको मुख्य आकर्षणको रुपमा समुहगत तीज गीत प्रस्तुती एवं सांस्कृतिक कार्यक्रम गरिने प्रचार प्रसार संयोजक मोहन थापाले जानकारी दिनुभयो । भेलामा बोल्दै वडा सदस्य राजकुमारी बानियाँले तीज मेलालाई मौलिक र ऐतिहासिक बनाउन सबै पक्षको सहकार्य आवश्यक रहेको बताउँदै, मेला बाटुलेचौरको परम्पर ासँग जोडिएको बताउनुभयो। संस्कृतिकर्मी रामबहादुर बानियाँले तीज पर्व दुःख, सुख बिसाउने चौतारी भएको स्पष्ट पार्दै, यसको मौलिक र सांस्कृतिक पक्षलाई जोगाउनु पर्नेमा जोड दिनुभयो।विभिन्न उपसमिति गठनसँगै मुल समितिले मेलाको तयारी शुरु गरेको जनाएको छा वडा कार्यालय संरक्षक रहेको सो मेला अघिल्लो वर्ष पनि नागरिक स्तरबाटै भएको थियो ।

शाह वंशको राजा कुलमण्डन शाहको पालादेखि नै बाटुलेचौरमा लामाचौर, अर्मला, घार्मी, कुरेचौर, हरिपाउँ, जुम्लेटी, भलाम लगायतका क्षेत्रका महिला जम्मा भएर तीज गीत गाउने प्रचलन रहेको जानकारहरु बताउँछन् ।

# पोखरेली टेनिस खेलाडी आर्यष राज पौडेल एटीएफ यु-१४ टेनिस खेल्न मलेशिया जाने

पोखरापत्र संवाददाता
पोखरा, २१ साउन

पोखरेली टेनिस खेलाडी आर्यष राज पौडेल साउथ इष्ट एशिया अन्तर्गत एटीएफ यु-१४ को 'ए'लेवल टेनिस प्रतियोगितामा भाग लिन मलेशिया जाने भएका छन्।



साउन १४ देखि ३१ गते सम्म क्वालालम्पुरमा हुने उक्त प्रतियोगितामा उनले नेपालको प्रतिनिधित्व गर्नेछन् । नेपाल टेनिस संघको अनुरोधमा एशियन टेनिस महासंघले उनलाई ' वाइल्ड कार्ड' मार्फत छानेको हो। १२ वर्षिया आर्यषले अबको ३ वर्ष सम्म यो प्रतियोगिताको यु-१४ टुर्नामेण्ट खेल्न पाउने छन्। यस प्रतियोगितामा सहभागि खेलाडीहरुले विभिन्न चरणको यात्रा अनुसार एटीएफको अंक बटुल्नेछन् । यसैविच कास्की जिल्ला टेनिस संघले खेलाडी पौडेललाई बुधबार एक समारोहका विच बिदाई गरेको छ। बिदाई समारोहमा बोल्दै संघ कास्कीका अध्यक्ष राजकुमार गुरुङले पोखराकै माटोमा हुर्किएका खेलाडी आर्यषले टेनिस खेलमा ठूलो सम्भावना देखाइरहेका बताए। उनले अर्न्तराष्ट्रिय कुनै पनि प्रतियोगितामा भाग लिन पाउनु पोखरेलीका लागि गौरब भएको बताउँदै शुभ-कामना व्यक्त गरे । विदाई समारोहमा पोखराका अग्रज टेनिस खेलाडी, अभिभावक, टेनिस संघका पदाधिकारी लगायतको सहभागिता रहको थियो। नेपाल शिर्ष वरियता खेलाडी प्रदीप खड्काले कार्यक्रम सञ्चालन गरेका थिए।

## मुक्तिनाथमा ...

७

गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो । यहाँको क्लबले जिल्लाभित्र र बाहिर रहेका युवा खेलाडीहरुलाई संस्कृति जोगाउन, खेलकुद र मनोरञ्जनका माध्यमबाट आयोजना युवापंक्तिलाई एकताबद्ध गराउन महत्वपूर्ण भूमिका निर्वाह गरेको उल्लेख गर्नुभयो।

बरागुङ मुक्ति क्षेत्र गाउँपालिका अध्यक्ष रिङजिङ नामगेल गुरुङले यहाँको धर्म संस्कृति जोगाउन स्थानीय सरकार प्रयत्नशील रहेको प्रतिक्रिया दिनुभयो । अध्यक्ष गुरुङले यार्तुङ महोत्सव सञ्चालनका लागि गाउँपालिका रु पाँच लाख विनियोजन गरेको जानकारी दिनुभयो । मुस्ताङका प्रजिअ विष्णुप्रसाद भुसालले यहाँको यार्तुङ पर्व मुक्तिनाथ क्षेत्रकै पहिचान बनेको र यसले यहाँका युवाहरुलाई संस्कृतिसँग जोड्ने गरी खेलकुद र मनोरञ्जनका कार्यक्रम आयोजना हुनु नै युवापुस्तामा धर्म संस्कृति र परम्परा जोगाउनतर्फ अग्रसर भएको उल्लेख गर्नुभयो। जनप्रिय युवा क्लबले समुन्द्री सतहको तीन हजार आठ सय मिटरको उच्च उचाइमा हाइअल्टिच्युड सेभेन ए साइड फुटबल प्रतियोगिता आयोजना गरेको छ । प्रतियोगितामा तीन पालिकाका १४ टिम, मनाङबाट दुई टिम र डोल्पाबाट एक टिम गरी १७ टिमको सहभागिता छ। महोत्सवमा तारा खेल, घोडादौड र कदम घोडादौडलगायतका प्रतियोगिताका साथै विविध मनोरञ्जनका कार्यक्रम आयोजना गरेको क्लबका अध्यक्ष कैसाङ ठोक्या ठकुरीले जानकारी दिनुभयो । महोत्सव यही साउन २४ गतेसम्म चल्नेछ।



## पोखरा महानगरपालिकाको नियमन क्षेत्रभित्रका सहकारी संस्थाहरुलाई जरुरी सूचना

प्रकाशित मिति २०८२/०४/१९

१ साधारण सभा गर्दा गणपुरक संख्याको उपस्थितीमा मात्र गरिनु पर्ने ।
२ ऋण तथा बक्यौता रकम अशुली कार्यलाई थप प्रभावकारी बनाई बचत कर्ताको बचत माग बमोजिम फिर्ता वा सुरक्षित गर्ने ।
३ लेखा परिक्षक नियुक्ति तथा पारीश्रमिक तोक्ने कार्य साधारण सभाबाट अनिवार्य रुपमा गरि लेखा परिक्षण आ.व. समाप्त भएको ३ महिनाभित्रमा लेखा परिक्षक नियुक्तिको जानकारी तोकिएका कागजात राखी सहकारी शाखामा पठाउने र उक्त अवधिमा लेखा परिक्षण समेत सम्पन्न गर्नुहुन ।
४ संस्थाको बार्षिक साधारण सभा ऐनको दफा २९ को उपदफा २ बमोजिम आर्थिक वर्ष समाप्त भएको ६ महिना (पौष मसान्त) भित्रमा सम्पन्न गरी १५ दिनभित्रमा साधारण सभाको निर्णय वार्षिक प्रतिवेदन लगायतको कागजातहरुको (हार्ड कपी) अनिवार्य रुपमा सहकारी शाखामा पेश गर्नहन ।
५ संस्थामा पदाधिकारीहरुको निर्वाचन भएको भए संचालक समिति र लेखा सुपरिवेक्षण समितिका सदस्यहरुको ३ पुस्ते फोटो सहितको विवरण, नागरिकता प्रतिलिपि र कार्यक्षेत्र भित्र बसोवास प्रमाण अनिवार्य रुपमा पेश गर्नहन ।
६ कार्यक्षेत्र भित्रका सदस्यहरु विच मात्र कारोवार गर्नु गराउनु हुन ।
७ सम्पन्ति शुद्धिकरण विवरण सम्बन्धी सहकारी संस्थाहरुलाई जारी गरिएको निर्देशन २०७४ कार्यान्वयनको लागि कार्यबिधि तयार गर्न KYM अद्याबधिक गरि जोखिम बिश्लेषण गर्ने, कप्पाईल अफिसर नियुक्ति गर्न र बित्तीय जानकारी ईकाइमा विवरण पठाउन goAML मा रजिष्टर गर्नहन ।
८ दुई बर्षभन्दा बढि समयदेखि बार्षिक विवरण नबुझाएका सहकारी संस्थाले साधारण सभा सम्पन्न गरी असोज मसान्तभित्रमा अनिवार्य रुपमा विवरण बुझाउन हुने । अन्यथा पोखरा महानगरपालिका सहकारी ऐन २०७५ बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराईन्छ ।
९ अधिवेशन गर्दा निर्वाचन उपसमिति बनाउदा महानगरपालिको प्रतिनिधी १ जना हुनुपर्ने व्यबस्था कार्यान्वयन गर्नुपर्ने ।
१० सहकारी मार्फत गरिने तालिम, भ्रमण लगायत धेरै आर्थिक भार पर्ने कार्यक्रम गर्दा पूर्व जानकारी वा सहमति लिएर मात्र गर्नपर्ने ।
११ संचालक समितिका पदाधिकारीहरुले ऋण लिन नपाउने तथा जमानी बस्न नपाउने तथा जमानी बस्न नपाउने व्यवस्था कार्यान्वयन गर्नुपर्ने ।
१२ सहकारी बिभागले तोकेको Copomis अनिवार्य रुपमा आवद्ध भई भाद्र मसान्तभित्रमा सम्पूर्ण विवरण प्रविष्ट तथा मासिक विवरण पठाउन हुन ।
१३ सहकारी ऐन २०७४ को दफा ४१ को उपदफा (५) मा कनै व्यक्ति एकै समयमा एकमात्र सहकारी संस्थाको संचालक हुन सक्नेछ भन्ने व्यबस्था रहकोले सोको पूर्ण पालना गर्ने गराउने । यदि कनै व्यक्ति एकभन्दा बढी संस्थाको संचालक रहेको भए एउटा संस्थाको मात्र कायम राखी अन्यको हकमा पद त्याग गर्ने । कतिपय सहकारी संस्थामा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहका राष्ट्रसेवक कर्मचारी, शिक्षक, प्राध्यापक, जनप्रतिनिधी, बैंक बित्तीय संस्थामा कार्यरत कर्मचारी संचालक समिति, लेखा सुपरिवेक्षण समिति समेतमा रहेको पाईएको हुदा प्रचलित कानून विपरित त्यस्ता पदमा नबस्ने ।
१४ राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी मापदण्ड / सहकारी विभागबाट जारी निर्देशन २०८२ लगायतका सहकारीको स्वेतपत्र निष्काशन तथा ऐन, नियमावलीलाई पालन गरी कार्य संचालन गर्नु गराउन हुन ।

**दर्ता अधिकारी**
**पोखरा महानगरपालिका सहकारी शाखा**

## पृथ्वीराजमार्गको ...

८

कार्यालय तनहुँबाट तर्जुमा भएको राजमार्गमा हुने अवरोध हटाउने समूह रोष्टर सहितको कार्ययोजना २०८२ स्वीकृत गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, "पृथ्वीराजमार्गको तनहुँ खण्डमा पर्ने बढी दुर्घटनाग्रस्त क्षेत्रहरूको तुलनात्मक अवस्थाको विश्लेषण गरी सरोकारवालाहरूको सुझाव अनुसार दुर्घटना न्यूनीकरणका लागि आवश्यक पहल गर्ने निर्णय गरिएको छ।"

हाल देशभर मनसुनी वायुको प्रभावका कारण मध्यमदेखि भारी वर्षा भइरहेको र आगामी दिनमा समेत वर्षाको सम्भावना रहेकाले पृथ्वीराजमार्गका विभिन्न खण्डहरूमा पहिरो लगायतका जोखिम रहेको जनाइएको छ । यस खण्डका अधिकांश भागमा चार लेन सडक सञ्चालनमा आए पश्चात् सवारी दुर्घटना उल्लेख्य रुपमा बढ्दै गएको र यस्ता दुर्घटना सडकका निश्चित स्थानहरूमा बढी मात्रामा हुने गरेकोले समस्याको अल्पकालिन एवं दीर्घकालिन समाधान खोज्नुपर्ने देखिएको प्रजिअ अधिकारीले उल्लेख गर्नुभयो।यसैबीच जिल्लाप्रशासन कार्यालय तनहुँले रातको समयमा अत्यावश्यक बाहेक यात्रा नगर्न र गर्नैपरेमा नजिकको ट्राफिक प्रहरी र सुरक्षा निकायसँग समन्वय गरेर यात्रा गर्न अनुरोध गरेको छ । वर्षातको समय भएकाले कार्यालयले आवश्यक सुरक्षा सतर्कता अपनाएर मात्रै रातिमा यात्रा गर्न सबैमा आग्रह गरेको छ । कार्यालयका प्रशासकीय अधिकृत विकास श्रेष्ठले आज सूचना जारी गरी पृथ्वीराजमार्ग, डुम्रे बेसीशहर सडकखण्डलगायत स्थानीय ग्रामीण सडकमा सवारी साधन चलाउँदा उच्च सतर्कता अपनाउन, सवारी साधन चलाउँदा तोकिएको गतिभन्दा बढी गतिमा नचलाउन, वर्षातको समयमा बाढी पहिरो लगायतका कारण सडकमा अवरोध हुन सक्ने भएकाले आफू पुग्ने गन्तव्यसम्मको बाटोको अवस्था बुझेर यात्रा गर्न अनुरोध गर्नुभएको छ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी

पायल्स, फिसर, फिस्टुला तथा भगन्दर सम्बन्धी रोगहरुको सफल उपचारको लागि



डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार



डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि



डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ । -गीता

## सम्पादकीय

# जनमतको अधैर्य र अस्थिर चरित्र

राजनीतिक दलहरु एउटा निर्वाचनमा गठबन्धन गरेर निर्वाचनपछि अर्को गठबन्धन बनाउने गरेर धोकाको राजनीति जारी छानिर्वाचन अघि र निर्वाचनपछि फरकफरक गठबन्धन बनाउनु अस्थिरता र अधैर्यता हो।यस्तो अस्थिरताले गर्दा दल र नेताको विश्वास हराउँदै गएको छानेताहरु अस्थिर हुँदा राजनीतिक प्रणालीप्रति वितृष्णा बढाउने काम गरेको छा२०७९ को चुनाव अघि र चुनावको परिणाम लगत्तै अर्को समिकरण बनाउनेहरु अस्थिरताका कारक हुन।भर्खरै बनेको मधेश केन्द्रित ७ दलीय संघीय लोकतान्त्रिक मोर्चाको चुनावी गठबन्धनबाट जनमत पार्टी बाहिरिएको छ ।

मधेसमा उदाएका दलहरु अहिले आन्तरिक विवादमा फसेका छन।सरकारसँगका माग, संघर्ष र मुद्दाहरूमा मोर्चामा सँगै रहने तर चुनावी गठबन्धनबाट अलग हुने जनमत पार्टीका केन्द्रीय सचिव भोपेन्द्र यादवले जानकारी दिएका छन । रुपन्देहीको सियारीमा मोर्चाले बुधबार आयोजना गरेको सभामा पनि जनमत पार्टी अनुपस्थित भएको देल मोर्चाले रुपन्देही-३ को उपचुनावलाई लक्षित गर्दै सियारी गाउँपालिका-३ मा जनजागरण सभा गरेको थियो । कार्यक्रममा मोर्चाका ६ दलका शीर्ष नेताहरू उपस्थित थिए । सभामा जनमत पार्टी सहभागी नभएको र आगामी दिनमा पनि चुनावी सभाहरूमा सहभागी नहुने जनमतका सचिव यादवले जानकारी दिए । 'सरकारसँगका हाम्रा माग, संघर्ष र मुद्दाहरुमा मोर्चामा सँगै छौं तर चुनावी गठबन्धनमा हामी रहन्नौं, अलग हुन्छौं । त्यसैले आजको सभामा पार्टीको उपस्थिति नभएको हो,' यादवले भने ।

रुपन्देही-३ मा आगामी १७ कात्तिकमा हुन लागेको उपचुनावमा जनमत पार्टीले छुट्टै उम्मेदवारी दिने र मोर्चालाई समर्थन नगर्ने सचिव यादवले प्रष्ट पारे । चुनावी मोर्चाबाट अलग हुने औपचारिक निर्णय हुन बाँकी भए पनि चुनाव लक्षित मोर्चाको कुनै पनि कार्यक्रममा सहभागी नहुने आन्तरिक निर्णय भइसकेको सचिव यादवले खुलाए । रुपन्देही-३ मा २०७९ सालको आमचुनावको समानुपातिक मत हेर्दा जनमत पार्टी समेतको मत जोड्ने हो भने संघीय लोकतान्त्रिक मोर्चा पहिलो शक्ति हुन्थ्यो । गत चुनावमा ९० हजार मत खसेकोमा समानुपातिकतर्फ नेपाली कांग्रेसले २० हजार २७८, एमालेले १६ हजार ९८६ मत, रास्वपाले १४ हजार १५४ र राप्रपाले ९ हजार १८३ मत पाएका थिए । त्यस्तै नागरिक उन्मुक्ति पार्टीले ६ हजार, जसपा नेपालले ५ हजार हाम्रा माग, संघर्ष र मुद्दाहरुमा मोर्चामा सँगै छौं तर चुनावी गठबन्धनमा हामी रहन्नौं, अलग हुन्छौं । त्यसैले आजको सभामा पार्टीको उपस्थिति नभएको हो,' यादवले भने ।

रुपन्देही-३ मा आगामी १७ कात्तिकमा हुन लागेको उपचुनावमा जनमत पार्टीले छुट्टै उम्मेदवारी दिने र मोर्चालाई समर्थन नगर्ने सचिव यादवले प्रष्ट पारे । चुनावी मोर्चाबाट अलग हुने औपचारिक निर्णय हुन बाँकी भए पनि चुनाव लक्षित मोर्चाको कुनै पनि कार्यक्रममा सहभागी नहुने आन्तरिक निर्णय भइसकेको सचिव यादवले खुलाए । रुपन्देही-३ मा २०७९ सालको आमचुनावको समानुपातिक मत हेर्दा जनमत पार्टी समेतको मत जोड्ने हो भने संघीय लोकतान्त्रिक मोर्चा पहिलो शक्ति हुन्थ्यो । गत चुनावमा ९० हजार मत खसेकोमा समानुपातिकतर्फ नेपाली कांग्रेसले २० हजार २७८, एमालेले १६ हजार ९८६ मत, रास्वपाले १४ हजार १५४ र राप्रपाले ९ हजार १८३ मत पाएका थिए । त्यस्तै नागरिक उन्मुक्ति पार्टीले ६ हजार, जसपा नेपालले ५ हजार, लोसपाले ५ हजार, जनमत पार्टीले ३ हजार ७०० मत पाएका थिए । अहिले मोर्चामा हृदयेश त्रिपाठीको जनता प्रगतिशील पार्टी, तमलोपा र राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टीसमेत थपिएका छन् । तर जनमत पार्टी अलग हुँदा मोर्चाको मत कम हुन्छ ।

सभामा बोल्दै राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोले रुपन्देही-३ को चुनावलाई मोर्चाले २०८४ मा हुने चुनावमा मधेशी मोर्चा सकिने कि बाँच्ने परीक्षणका रूपमा हेरेको बताए । उनले अहिलेको सरकार काण्डैकाण्डमा मुछिएको, देश लुट्न र पाप लुकाउन बनेको आरोपसमेत लगाए । नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशम चौधरीले रुपन्देही-३ को उपचुनावमा मधेसीहरूले थारुलाई विश्वास गरेर आफ्नो पार्टीलाई उम्मेदवार दिएको भन्दै जसरी पनि जित्नैपर्ने दबाबमा रहेको बताए । चौधरीले २०८२ सालमा भएका राजनीतिक सहमतिहरू पालना नभए २०८४ सालमा त्यसको असर देखिने चेतावनीसमेत दिए ।

जनता प्रगतिशील पार्टीका अध्यक्ष हृदयेश त्रिपाठीले राज्यसत्ता मधेशी, थारु, मुस्लिम लगायतको हुन नसकेको बताए । उनले चुरे र वन विनाश हुने खालको कानुन बनाए विद्रोह हुने बताए । तमलोपाका अध्यक्ष वृषेशचन्द्र लालले लाल आयोगको प्रतिवेदन यथाशीघ्र सार्वजनिक गरिनुपर्ने बताए । जसपा नेपालका महासचिव रामकुमार शर्माले मधेश जनविद्रोहको कारण भुल्न नहुने भन्दै मधेश केन्द्रित दलहरु नमिलेसम्म उत्पीडिनबाट मुक्ति नहुने बताए । लोसपाका प्रदेश अध्यक्ष प्रदेश मन्त्री सन्तोष पाण्डेले मोर्चाको साझा उम्मेदवारलाई मोर्चाका सबै दलले साथ दिनुपर्ने बताए ।स केन्द्रीत दलको जुट्ने र छुट्टीने कुनै कारण चाहिँदैन । जुटाउन प्रयास गर्नेहरु पनि नेताको सानैदेखि लागेको बानीका कारण छुट्टीने गरेका छन।चुनासम्म पनि नकुर्नु अधैर्यता हो।आउँदा दिनमा पनि अविश्वास बढाउने काम गर्छ ।

# आर्वाविजय माविलाई सहयोग

पोखरापत्र संवाददाता
पोखरा, २१ साउन

लायन्स क्लब अफ पोखरा भैरवले पोखरा म.न.पा -१३, ढाँडबैंसीमा अवस्थित श्री आर्वाविजय मा. वि.मा अध्ययनरत विद्यार्थीहरूका लागि प्राविधिक तथा जीवनोपयोगी सिप अभिवृद्धि गर्ने उद्देश्यले तालिम सञ्चालन गर्नका लागि सहयोगस्वरूप नगद रकम हस्तान्तरण गरेको छ ।

विद्यालयमा आयोजित एक कार्यक्रमका बिच संस्थाका अध्यक्ष रमेशकुमार बाटाजु र पूर्व अध्यक्ष तथा आजका प्रमुख अतिथि सुरेन्द्रमान बिजुक्छेले संयुक्त रूपमा वि.व्य.स. अध्यक्ष भवसागर बराललाई रु.४०,१५५(अक्षेरेपी चालिस हजार एक सय पचपन्न) रुपियाँको चेक हस्तान्तरण गर्नुभयो । सो रकम विद्यार्थीहरूलाई विद्युतीय तालिम प्रदान गर्न खर्च गरिने छ । हस्तान्तरण कार्यक्रममा बोल्दै प्रमुख अतिथि तथा संस्थाका पूर्व अध्यक्ष सुरेन्द्रमान बिजुक्छेले विद्यार्थीहरूलाई सिपमूलक तालिमका माध्यमबाट स्वरोजगार बन्न कार्यक्रमले सहयोग पुऱ्याउने विश्वास व्यक्त गर्दै विद्यालय जस्तो पवित्र संस्थामा आएर सानो सहयोग गर्न पाउँदा आफूलाई ज्यादै खुसी लागेको भाव व्यक्त गर्नुभयो । कार्यक्रममा पूर्व अध्यक्ष समरबहादुर श्रेष्ठ तथा श्रीकृष्ण कतिलाले शुभकामना मन्तव्य राख्नुभएको थियो । वि.व्य.स. अध्यक्ष भवसागर बरालले संस्थाले गरेको सहयोग अमूल्य रहेको भन्दै विद्यालय परिवारको तर्फबाट आभारसहित आगामी दिनमा पनि संस्थाबाट निरन्तर सहयोगको अपेक्षा राखेको धारणा राख्नुभयो । संस्थाका अध्यक्ष रमेशकुमार बाटाजुको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव विनोद द्वाले गर्नुभएको थियो ।

# बेपत्ता तीन किशोरी परिवारको सम्पर्कमा

पोखरापत्र संवाददाता
दमौली, २१ साउन

यहाँको भानु नगरपालिका-२ भकुन्थोकबाट बेपत्ता भएका तीन किशोरी परिवारको सम्पर्कमा आएका छन् । १५ वर्षीया अस्मिता तामाङ, १६ वर्षीया सम्झना सुनार र १५ वर्षीया सीता सुनार गत सोमबारदेखि बेपत्ता भएका थिए । सोमबार बिहान विद्यालय जान घरबाट निस्किएका उनीहरु विद्यालय नगई बेपत्ता भएका थिए । उनीहरु परिवारको सम्पर्कमा आएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक अशोक थापाले जानकारी दिनुभयो । किशोरीहरुले आफूहरुलाई खोज्न पर्दैन भनेर भनेको उहाँले उल्लेख गर्नुभयो । सोमबार साँझसम्म पनि परिवारको सम्पर्कमा नआएपछि परिवारले इलाका प्रहरी कार्यालय भानुमा खोजी गरिदिन निवेदन दिएका थिए । उनीहरुको मोबाइलको अन्तिम लोकेसन पोखरा देखिएको छ ।

यसैगरी भानु नगरपालिका-४ राना गाउँबाट गत मङ्गलबार सम्पर्कविहीन भएका दुई बालिका भेटिएका छन् । १२ वर्षीया मन्सु घर्ती र उनकी सानी बहिनी तीन वर्षीया कञ्चन घर्ती राति भेटिएका हुन् । काँक्रो चोरेको निहुँमा घरमा आमाले गाली गरेपछि त्यही रिसमा विद्यालय नगई दिनभर गाँउतिर लुकेको र राति अबेरसम्म खोज्दै गर्दा राति १२ बजे गाउँमै लुकेर बसेको अवस्थामा भेटिएको प्रहरीले जनाएको छ ।

# पर्यटक तानिरहेको बुकीपाटनमा 'गोठबास'ले सहज

डम्मर बुढामगर
बागलुङ, २१ साउन /रासस

ढोरपाटन उपत्यकादेखि करिब साढे चार घण्टाकोपैदलयात्रामापुग्नसकिन्छ, गर्पाछेडा । समुन्द्री सतहदेखि चार हजार मिटरको उचाइमा रहेको गर्पाछेडा बुकीपाटनको पहिलो प्रवेशद्वार हो ।

भीर, जङ्घार र अग्ला पहाड छिचोल्दै यहाँ पुग्ने पर्यटक थकित हुन्छन् । उपत्यकादेखि लगातारको पैदलयात्रामा गर्पाछेडा पुगेका पर्यटकलाई बिश्रामका लागि गोठबास (गोठस्टे) सञ्चालनमा ल्याइएको छ । केही समय अघिसम्म विश्रामका लागि यहाँ भेडीगोठबाहेक अरु कुनै पनि संरचना थिएन । गत वर्षदेखि बुकीपाटनमा पर्यटकको चाप बढ्न थालेपछि गर्पाछेडामा गोठस्टे सञ्चालनमा ल्याइएको हो । अहिले दैनिकजसो औसतमा एक सयको हाराहारीमा आन्तरिक तथा बाह्य पर्यटक बुकीपाटन जाने गरेका छन् । विशेष गरी बर्खाको समयमा बुकीपाटन हरियाली देखिने र यहाँबाट अनगिन्ती हिमश्रृङ्खलासहित हजारौँको सङ्ख्यामा भेडाका बथानको अवलोकन गर्न सकिने हुँदा पर्यटकको आकर्षण बढेको हो । बुकीपाटन पुग्ने पर्यटकका लागि खाने र बस्नेको सुविधा नहुँदा उनीहरु भेडी गोठालेसँगै गोठमा रात बिताउने गर्थे । गोठमा रात बिताउँदा चिसोका कारण कति त बिरामीसमेत पर्थे । तर अहिले त्यो समस्याको कम भएको छ । पर्यटकको आगमनमा वृद्धि भएसँगै गत वर्षदेखि ढोरपाटनका सन्देश थापाले बुकीपाटनको प्रवेशद्वार गर्पाछेडामै गोठस्टे सञ्चालनमा ल्याउनुभएको हो ।

थापासँगै स्थानीय महेन्द्र घर्ती मगरले पनि यस वर्षदेखि गोठस्टे सञ्चालनमा ल्याउनु भएको छ । थापा र घर्ती मगरको गोठस्टे नजिकै छ । ढोरपाटन उपत्यकाबाट जाने पर्यटकलाई उहाँहरुले स्वागत गर्नुहुन्छ । घण्टौँको यात्रापछि गर्पाछेडा पुग्ने पर्यटक लागि गोठस्टे विश्रमस्थल बनेको छ । गोठस्टेबाट पर्यटकले उच्च पहाड, हिमश्रङ्खला र गोठलाको जनजीवन अनुभूत गर्न पाउँछन् । अघिल्लो वर्षको तुलनामा यस वर्ष बुकीपाटन आउने पर्यटक बढेको गोठस्टे सञ्चालक सन्देश थापाले बताउनुभयो । पछिल्लो समय बुकीपाटन सञ्चारमाध्यम र सामाजिक सञ्जालमा प्रचारप्रसार हुन थालेपछि पर्यटक बढ्न थालेको उहाँको भनाइ छ । बुकीपाटन गोठस्टे सञ्चालन गर्नुको मुख्य उद्देश्य यस क्षेत्रको प्रवर्द्धन गर्नु र पर्यटकको सेवा गर्नु भएको उहाँ बताउनुहुन्छ । गोठस्टेमा बास बस्ने पर्यटकलाई ढोरपाटनमा उत्पादन भएको आलु, बुकीपाटनमा रहेका भेडा च्याङ्ग्राको मासु, लेकाली साग, आँटो ढिडोलगायतका परिकार खान दिने गरेको थापाले बताउनुभयो । "बुकीपाटनमा पर्यटक आउन थालेको धेरै भएको छैन, केही समय अघिसम्म यो क्षेत्र पर्यटकका लागि ओझेलमै थियो, दुई/तीन वर्षदेखि यहाँ बढी मात्रामा पर्यटक आउन थालेका हुन्, पोहोर सालदेखि मैले गोठस्टेसुरु गरे, यसवर्ष अर्को एक जना साथीले पनि सुरु गर्नुभएको छ", उहाँले भन्नुभयो, "पहिले पर्यटक बुकीपाटन आउँदा गोठालासँग गोठमा बस्नु बाध्यता थियो, उहाँहरुलाई खाना र सुत्नका लागि निकै समस्या थियो, अहिले त्यो समस्याको समाधान गरेका छौँ ।" महेन्द्र घर्तीमगरले गत असार पहिलो सातादेखि गर्पाछेडामा गोठस्टे सञ्चालन गर्नुभएको हो । ढोरपाटन उपत्यकामा होटल सञ्चालन गर्दै आउनुभएका घर्तीमगरले गोठस्टे सञ्चालन गरेपछि बास बस्न आउने पर्यटक बढेको बताउनुभयो ।

गोठस्टेमा आउने पर्यटकले एक रातको बसाइँसँगै खाना र खाजाको रु दुई हजार पाँच सय शुल्क लिने गरेको उहाँको भनाइ छ । कोही पर्यटक बिहान ९ बजे बुकीपाटन पुग्ने र साँझ फर्किने गरेको उहाँले बताउनुभयो ।

"बुकीपाटनमा पर्यटकको आगमनमा धेरै वृद्धि भएको छ, सडकको पहुँच नभएको हुँदा पदमार्गमार्फत यहाँ आउनुपर्छ, हिँडेर आउँदा धेरैलाई थकान लाग्छ, त्यति मात्रै होइन यो ठाउँ उच्च क्षेत्रमा पर्ने हुँदा लेक लाग्छ, केही त बिरामी पर्नुहुन्छ", घर्ती मगरले भन्नुभयो, "बुकीपाटन आउँदा स्वास्थ्यको ख्याल गरेर आउनुपर्छ, हामीहरुले गोठस्टेमा आउने पर्यटकका लागि सामान्य प्राथमिक उपचारको व्यवस्थाप गरेका छौँ, अब पर्यटकलाई पहिलेको जस्तो गोठमा बस्नुपर्ने अवस्था छैन ।" गर्पाछेडाबाट फागुने, टीकाधार, लगायतका स्थानमा पुग्न सकिन्छ । गोठस्टेले बुकीपाटन आउँदा बसाइँ र यहाँको घुमफिरलाई सहज बनाइ दिएको पोखरा महानगरपालिका-७ बाट आउनुभएका मुकेश सुब्बाले बताउनुभयो । बुकीपाटनमा आफू पहिलो पटक चार वर्ष अगाडि आएको भन्दै त्यस बेला गोठमै बसेर फर्किएको उहाँले सुनाउनुभयो । गोठस्टेमा होटलको जस्तो सुविधा नभए पनि बास बस्न र खाना खानका लागि धेरै सहज भएको उहाँको भनाइ छ ।


## फेदीखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### फेदीखोला, स्याङ्जा
### गण्डकी प्रदेश, नेपाल

## बढाबढ सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी पुनः प्रकाशित सूचना

दोश्रो पटक सूचना प्रकाशित मिति २०८२।०४।२२

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) घ (२), सोही दफाको उपदफा (२) घ (११) र दफा ६२ को उपदफा (२) (घ) अनुसार यस गाउँपालिकाबाट आ.व. २०८२/८३ को लागि निम्न शिर्षकहरुमा कर, सेवा शुल्क, दस्तुर तथा आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) गर्ने प्रयोजनको लागि यो १५ दिने सूचना पुनः प्रकाशित गरिएको छ । तोकिएको न्यूनतम अंकमा नघट्ने गरि तपसिलमा उल्लेखित ठेक्का नं. अनुसार छुट्टाछुट्टै दरभाउपत्र फाराम खरिद गरि रितपूर्वक शिलबन्दी दरभाउपत्र पेश गर्न इच्छुक दरभाउपत्रदातालाई आव्हान गरिन्छ । मिति २०८२/०५/०५ गतेको कार्यालय समयभित्र ईच्छुक दरभाउपत्रदाताले आवश्यक कागजात सहित निवेदन दिइ तोकिएको दरभाउपत्र दस्तुर तिरी दरभाउपत्र खरिद गर्न सक्नेछन् । मिति २०८२/०५/०६ गतेको मध्यान्ह १२:०० बजेभित्र ईच्छुक दरभाउपत्रदाताले आवश्यक कागजात संलग्न राखी दरभाउपत्र दाखिला गर्न सक्नेछन् । यस सम्बन्धमा तोकिएका शर्तहरु लगायत थप जानकारी प्राप्त गर्न ईच्छुक दरभाउपत्रदाताले यस कार्यालयको वेवसाइट phedikholamun.gov.np मा हेर्नुहुन वा यस कार्यालयको राजश्व उपशाखामा कार्यालय समय भित्र सम्पर्क गर्नुहुन सुचित गरिन्छ ।

**तपसिल**

| क्र. सं. | सूचना नं. ०३/०८२/८३ /पी.आर.एम.को ठेक्का नं. | सडकको नाम/ नाका | न्यूनतम कबोल अंक रु. (मु.अ.क.सहित) | दरभाउपत्र फाराम दस्तुर रु. | बीड बण्ड/ धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| (क) सडक उपयोग, संरक्षण तथा मर्मत संभार शुल्क (स्थानीय पूर्वाधार सेवा र शुल्क) उठाउने कार्य : | | | | | | |
| १ | 15-PRM-RT-SQ-082-83 | कुभिण्डे मट्विखान नुवाकोट पौवैगौंडे सडकको कुभिण्डे नाका | १,४०,०००/- | १,०००/- | दरभाउपत्र दाताले आँफुले कबोल गरेको मु.अ.क. सहितको कुल कबोलअंकको कम्तीमा ५ प्रतिशतले हुने रकम धरौटी बापत राख्नुपर्नेछ । | |
| २ | 16-PRM-RT-SQ-082-83 | खड्केटारी वाँगे पञ्चासे दोबिल्ला सडकको खड्केटारी नाका | ४,००,०००/- | १,०००/- | | |
| ३ | 17-PRM-RT-SQ-082-83 | फेदीखोला मिरुडाँडा कालाभैरव नुवाकोट सडकको फेदिखोला चौकी नाका | २५,०००/- | १,०००/- | | |
| ४ | 18-PRM-RT-SQ-082-83 | कुभिण्डे डाँडागाउँ रामकोट कटुजेस्वाँरा सडकको कुभिण्डे नाका | २०,०००/- | १,०००/- | | |
| ५ | 19-PRM-RT-SQ-082-83 | सर्केटारी दामगाडे रामकोट नुवाकोट सडकको सर्केटारी नाका | २०,०००/- | १,०००/- | | |
| ६ | 20-PRM-RT-SQ-082-83 | पर्सेभाटी टोड्के सडकको पर्सेभाटी नाका | २०,०००/- | १,०००/- | | |
| ७ | 21-PRM-RT-SQ-082-83 | कुखुरेखोला चनौटे भाटखोला र फेदीखोला स्थानचौर चनौटे पुलको मुख सडकको फेदिखोला र कुखुरेखोला नाका | ३४,०००/- | १,०००/- | | |
| ८ | 22-PRM-RT-SQ-082-83 | फेदीखोला कर्मीडाँडा मट्विखान सडकको माथिल्लो फेदिखोला नाका | २०,०००/- | १,०००/- | | |



# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : मानसिक तनाब | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : कार्यमा सफलता |
| कर्कट | : शत्रुको भय | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शुभ यात्रा | मीन | : अप्रत्यसित लाभ |

## हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# पर्वतमा चार करोड बढीका पर्यटन पूर्वाधार थपिँदै

**पोखरापत्र संवाददाता**
पर्वत, २१ साउन

पर्वतमा चालु आर्थिक वर्ष २०८२/८३ मा पर्यटन पूर्वाधारका एक सय ११ वटा आयोजनाका लागि बजेट विनियोजन भएको छ। गण्डकी प्रदेश सरकारअन्तर्गत जिल्लामा सञ्चालित पर्यटन तथा उद्योग कार्यालयले जिल्लाका सातवटै पालिकामा रहेका धार्मिक तथा पर्यटकीयस्थलमा रु चार करोड ११ लाख बजेटका पूर्वाधार निर्माण गर्ने भएको हो।

जिल्लामा रहेका धार्मिक, ऐतिहासिक तथा पर्यटकीय क्षेत्रमा भक्तजन तथा पर्यटकको थप आकर्षणका लागि पूर्वाधार थप गर्न थालिएको पर्यटन तथा उद्योग कार्यालयले जनाएको छ। जिल्लाको कुश्मा नगरपालिकामा सबैभन्दा बढी २९ वटा आयोजना थपिने कार्यालयका प्रमुख पोषनाथ शर्माले जानकारी दिनुभयो। उहाँका अनुसार फलेबास नगरपालिकामा २६, मोदी गाउँपालिकामा १३, जलजला गाउँपलिकामा पाँच, पैंयु गाउँपालिकामा १७, विहादी गाउँपालिकामा ११ र बाँकी महाशिला गाउँपालिकामा आयोजना कार्यान्वयन गर्न थालिएको हो। पर्यटकीय संरचनामा मन्दिर निर्माण तथा जीर्णोद्धार र रङरोगन, विश्रामस्थल निर्माण, पदमार्ग, सामुदायिक भवन, उद्यान, बगैंचा तथा पार्क निर्माण, घरबास सुधारलगायत संरचना बनाइने भएको प्रमुख शर्माले बताउनुभयो। पछिल्लो समय शाहसिक पर्यटनको केन्द्र बन्दै गएको जिल्ला सदरमुकाम कुश्मा बजारमा आउने पर्यटकलाई ग्रामीण क्षेत्रमा रहेका पर्यटकीयस्थलमा पुऱ्याउन सकियोस् भन्ने उद्देश्यले धार्मिक तथा पर्यटकीयस्थलमा पूर्वाधार थप गर्न लागिएको उहाँको भनाइ छ। शर्माका अनुसार कुश्मा नगरपालिकामा रु एक करोड ६० लाख, फलेवास नगरपालिकामा रु एक करोड ४० लाख, मोदीमा रु ६५ लाख, जलजलामा रु २५ लाख, पैंयु गाउँपालिकामा रु एक करोड, महाशिलामा रु ५५ लाख र विहादी गाउँपालिकामा रु ५५ लाख बजेट विनियोजन भएको छ। सबै आयोजना अल्पकालीन भएकाले चालु आर्थिक वर्षभित्रै सम्पन्न गर्नेगरी कार्यान्वयनको तयारी भइरहेको उहाँले जानकारी दिनुभयो। पर्वतका सातवटै पालिकामा गरी ६१ वटा घरबास सेवा सञ्चालनमा रहेका छन् भने दुई वटा निजी घरबाससमेत सञ्चालनमा रहेको कार्यालय प्रमुख शर्माले बताउनुभयो। पर्यटकीय पूर्वाधारले घरबासमा आउने पर्यटकलाई सुविधा पुग्नुका साथै थप आकर्षण थप्ने विश्वास कार्यालयले लिएको छ। पछिल्ला केही वर्षयता पर्वत शाहसिक पर्यटकको गन्तव्यका रूपमा विकास हुँदै गएको छ।

सदरमुकाम कुश्मामा रहेको विश्वकै दोस्रो अग्लो बञ्जी, स्विङ, विश्वकै लामो सुपरम्यान शैलीको जिपलाइन, ऱ्याफ्टिङ, क्यानोनिङलगायत स्थानमा आउने पर्यटकलाई ग्रामीण क्षेत्रमा रहेका पर्यटकीय गन्तव्य र घरबाससम्म पुऱ्याउनका लागि पनि नयाँ थपिने पूर्वाधारले आकर्षित गर्ने कार्यालय प्रमुख शर्माले बताउनुभयो।

जिल्लामा पर्यटकीय सिजनमा दैनिक सयौँको सङ्ख्यामा बाह्य पर्यटक र दैनिकजसो भित्रिने आन्तरिक पर्यटकको सङ्ख्या उल्लेख्यमात्रामा रहे पनि पर्यटन सूचना केन्द्र नहुँदा तथ्याङ्क राख्न समस्या भएको पर्यटन तथा उद्योग कार्यालय पर्वतले जनाएको छ। जिल्लामा भित्रिने पर्यटकको वार्षिक तथ्याङ्क नहुँदा थप योजना निर्माणमा समस्या भएको कार्यालय प्रमुख शर्माले बताउनुभयो। गण्डकी प्रदेश सरकारमार्फत गत आर्थिक वर्षमा ४२ वटा आयोजना कार्यान्वयन गरिएको थियो।

# कार्यसम्पादनमा उत्कृष्ट बागलुङ नगरपालिका सम्मानित

**पोखरापत्र संवाददाता**
बागलुङ, २१ साउन

विकास निर्माणमा उत्कृष्ट काम गरेको उल्लेख गर्दै बागलुङ नगरपालिकालाई सम्मान गरिएको छ।

विश्व बैंकले नेपाल सरकारमार्फत बागलुङ नगरपालिकालाई उपलब्ध गराएको रु ४८ करोड अनुदानबाट यहाँको दुई वटा सडक निर्माण सुरु भएको सात महिनामै कालोपत्र गरिएको थियो। तीन वटा सडकमध्ये दुई वटा सडकको काम सम्पन्न भएको र एउटा सडक कालोपत्रको तयारी भइरहेको छ। उक्त अनुदानबाट एकै पटक १७ नगरपालिकामा विकास निर्माण भए पनि कार्यसम्पादनका अधारमा बागलुङ नगरपालिका सम्मानित भएको हो।

काठमाडौँमा आयोजित नेपाल सहरी शासकीय तथा पूर्वाधार आयोजनाले आर्थिक वर्ष २०८१/८२ मा उत्कृष्ट कार्यसम्पादन गर्ने बागलुङ नगरपालिकालाई सम्मान गरिएको हो। गत असारमा ठेक्का सम्झौता भएको सडक गत माघमै कालोपत्र थालिएको र चैतसम्म दुई वटा सडक कालोपत्र सम्पन्न गरिएको थियो भने एउटा सडक कालोपत्रका लागि ग्राभेल भइसकेको छ। नेपाल सहरी शासकीय तथा पूर्वाधार आयोजनाअन्तर्गत बागलुङ नगरपालिकामा निर्माण भइरहेका तीन प्रमुख सडक योजनाको सफलतापूर्वक सञ्चालन र कार्यान्वयनको मूल्याङ्कन गर्दै उपप्रधान तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले नगरप्रमुख वसन्तकुमार श्रेष्ठलाई सम्मान गर्नुभएको हो।

बागलुङ नगरपालिका-४ स्थित ओडारचौरबाट ढोडेनीसम्म दुई दशमलव दुई किलोमिटर र वडा नम्बर १ रामरेखास्थित गणेशथान घुम्तीबाट निरयघाटको एक दशमलव पाँच किलोमिटर सडक कालोपत्र भइसकेको छ।

निर्माणको अन्तिम चरणमा रहेको बागलुङ नगरपालिका-७ को मूलपानीबाट तितौरेसम्मको आठ दशमल छ किलोमिटर सडकको प्रगति ७० प्रतिशत पुगेको र बर्खा सकिँदा साथ कालोपत्र गरिने निर्माण व्यवसायीका इञ्जिनियर मनोज शर्माले जानकारी दिनुभयो।

# निर्माण व्यवसायी विकासका पहरेदार: सभापति थापा

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २१ साउन




नेपाली काँग्रेस स्याङ्जाका सभापति तथा संघिय सांसद राजु थापाले निर्माण व्यवसायी विकासका पहरेदार रहेको बताएका छन्। लोकतान्त्रिक निर्माण व्यवसायी संघ स्याङ्जाको प्रथम जिल्ला अधिवेसनको उदघाटन गर्दै सभापति थापाले निर्माण व्यवसायी विकास र राष्ट्रका आधारशिला भएको बताएका हुन्।

निर्माण व्यवसायी कै कारण देशका हरेक कठिन विकास निर्माणका कार्यहरु सम्पन्न भएको उदाहरण दिदै राज्यको मेरुदण्डको रुपमा रहेको निर्माण व्यवसायीलाई सहज तवरले काम गर्ने वातावरण मिलाइनुपर्ने धारणा थापाले राखे। नेपाली काँग्रेसको भातृसंगठन रहेको लोकतान्त्रिक निर्माण व्यवसायी संघले पार्टीलाई बलियो बनाउने भुमिका खेल्न सबैलाई आग्रह गरे। हरेक विकासमा काँग्रेस जोडिएको छ भन्ने सन्देश दिन हरेक विकास निर्माणका कार्यहरु तोकिएकै समयमा सम्पन्न गर्न पनि सभापति थापाले अनुरोध गरे। पार्टीको संगठन र विकासलाई सगँसगै लैजादै पाटीलाई मजबुद बनाउने तर्फ लाग्न सबै निर्माण व्यवसायीहरुलाई थापाको आग्रह थियो। कार्यक्रममा निर्माण व्यवसायी संघका संरक्षक तथा पुर्व गण्डकी प्रदेश सांसद भागवत प्रकाश मल्ल, लोकतान्त्रिक निर्माण व्यवसायी संघका केन्द्रीय सह–संयोजक राजेन्द्र पहाडी, लोकतान्त्रिक निर्माण व्यवसायी संघका समन्वय विभागका केन्द्रीय सदस्य खिमप्रकाश मल्ल, लोकतान्त्रिक निर्माण व्यवसायी संघ गण्डकी प्रदेशका संयोजक सुरेश श्रेष्ठ, नेपाल निर्माण व्यवसायी संघका गण्डकी प्रदेशका अध्यक्ष टंकप्रसाद बराल, नेपाली काँग्रेस स्याङ्जाका प्रवक्ता भरत लम्साल लगायतका बक्ताहरुले निर्माण व्यवसायीको हक अधिकारका बारेमा आ–आफ्ना धारणा राखेका थिए।

नेपाल लोकतान्त्रिक निर्माण व्यवसायी संघ स्याङ्जाका अध्यक्ष अर्जुनकुमार कार्कीको सभापतित्वमा सम्पन्न उद्घाटन अधिवेसनको कार्यक्रममा संचालन बिष्णु प्रसाद पोखेल र स्वागत रामचन्द्र पौडेलले गरेका थिए। कार्यक्रममा जिल्ला भरका नेपाली काँग्रेस निकट निर्माण व्यवसायीहरुको सहभागिता रहेको थियो।

यसैगरी लोकतान्त्रिक निर्माण व्यवसायी संघ स्याङ्जाको प्रथम अधिवेसनले रामचन्द्र पौडेललाई निर्वाचित गरेको छ। अध्यक्ष पौडेलको अध्यक्षतामा १९ सदस्य जिल्ला कार्यसमिति चयन गरिएको युवा निर्माण व्यवसायी सुनिल चापागाँईले जानकारी दिए। उनका अनुसार संघको उपाध्यक्षमा जगतबन्धु कोइराला र मनोज कुमार श्रेष्ठ, महासचिवमा गौरव प्रधान, उप–महासचिवमा भरत मल्ल, कोषाध्यक्षमा रमेश शर्मा र सह–कोषाध्यक्षमा बेलमाया शर्मा चयन भएका छन्।

त्यसैगरी संघको सदस्यहरुमा भानु अधिकारी, भिम थापा मगर, भुवन भण्डारी, आशिषप्रताप खाँण, अमर राना, रमेश रोका, सचिन क्षेत्री, अनिल क्षेत्री, सौजन गुरुङ, सुरेन्द्र प्रसाद ढकाल, कृष्णमान श्रेष्ठ र नवराज थापा रहेका छन्। निर्वाचित सबै पदाधिकारी र सदस्यहरुलाई नेपाली काँग्रेस स्याङ्जाका सभापति राजु थापाले प्रमाणपत्र दिएर बधाई तथा शुभकामना व्यक्त गरेका थिए।

# फेदीखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## फेदीखोला बजार, फेदीखोला-२
## गण्डकी प्रदेश, नेपाल

## नदीजन्य पदार्थको बिक्रीका लागि बढाबढको बोलपत्र आव्हान सम्बन्धी पुन: प्रकाशित सूचना

**(दोस्रो पटक प्रकाशित मिति : २०८२/०४/२२)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क, प्रदेश सरकारबाट जारी भएको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, संकलन, क्रसिङ तथा क्रसर उद्योग स्थापना र संचालनलाई ब्यवस्थित गर्ने कार्यविधि, २०७५, नेपाल सरकारबाट जारी भएको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ तथा सो को प्रथम संशोधन २०७९ र यस गाउँपालिकाको चालु आ.व. को आर्थिक ऐनमा व्यवस्था भए बमोजिम तपशिलमा उल्लिखित नदी/खोलाहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी गाउँपालिकाले गाउँपालिकाको आर्थिक ऐनले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०८०/८१ को कर चुक्ताको प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ।

**तपसिल**

| सि.नं. | सूचना नं. ०२/०८२/८३/ पी.आर.एम. को बोलपत्र नं. | बोलपत्रको नाम/घाटको नाम | उत्खनन् परिणाम (घन फिट) | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू. अ. कर बाहेक) | धरौटी रकम रु. | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | 23/PRM/IR/082-83 | सेतीखोला भाटखोला चनौटे दोभान | २०३९७७ | १,४२७,८३९/०० | बोलपत्रदाताले आँफुले कबोल गरेको मु.अ.क. सहितको रकमको ५ प्रतिशतले हुन आउने रकम धरौटी बापत जम्मा गरी बोलपत्र पेश गर्नुपर्नेछ। | १०००/- |
| २ | 24/PRM/IR/082-83 | ठाडोखोला डहरेदोभान | १०८०६३ | ७५६,४४१/०० | | १०००/- |
| ३ | 25/PRM/IR/082-83 | दोपरे चाँपको रुख | ८३९०० | ५८७,३००/०० | | १०००/- |
| ४ | 26/PRM/IR/082-83 | सेतीखोला पिप्ले पातिहाल्ना | १२६५२३ | ८८५,६६१/०० | | १०००/- |
| ५ | 27/PRM/IR/082-83 | घ्याङरुङखोला ढाँण | २२०७१६ | १,५४५,०१२/०० | | १०००/- |

**शर्तहरु:**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, आ.व. ०८०/८१ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, मु.अ.क. (प्यान) दर्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न राखी बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा प्राइम कमर्सियल बैंक शाखा कार्यालय फेदिखोलामा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. ०६५०१००००००३०८००१८० मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको राजस्व शाखामा नगदै वा यस कार्यालयको माथि उल्लेखित बैंक खातामा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ।

२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आँफुले कबोल गरेको मु.अ.क. सहितको कूल कबोल अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको प्राइम बैक फेदिखोला शाखा स्थित धरौटी खाता नं. ०६५०१००००००००३६००१७९ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र बोलपत्रको नाम उल्लेख गरी ७५ दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नुपर्नेछ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्रको विवरण, प्रोपराइटरको नाम, ठेगाना, फोन नं., मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा हार्डकपी दर्ता गर्नुपर्नेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगत्ते पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन। रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको १३:०० बजेदेखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

५. प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले १० औं दिन दिनको ११:०० बजे फेदिखोला गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालयमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ। उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ।

६. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता बापत २५ प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ। तर यसरी प्रथम किस्ता बुझाउँदा बाँकी ७५ प्रतिशत रकम बराबरको मूल्य भएको नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८३ साल असोज मसान्तसम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी ( परफरमेन्स बन्ड) पेश गर्नुपर्नेछ वा उक्त उल्लिखित धरौटी रकम नगद दाखिला गर्ने भएमा यस कार्यालयको प्राइम बैक फेदिखोला शाखा स्थित धरौटी खाता नं. ०६५०१००००००००३६००१७९ मा सो रकम जम्मा गरी सोको सक्कल बैंक भौचर समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। दोस्रो किस्ता बापत बाँकी २५ प्रतिशत रकम २०८२ पौष मसान्तसम्म बुझाउनुपर्नेछ भने तेश्रो तथा अन्तिम ५० प्रतिशत रकम २०८२ चैत्र मसान्तसम्म बुझाइसक्नुपर्नेछ। साथै बोलपत्र कबोल गर्ने ब्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार लाग्ने १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनुपर्नेछ।

८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ। यस गाउँपालिकाका नदी/खोला तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

९. विगत वर्षहरुमा ठेक्का लिई रकम बुझाउन बाँकी रहेका व्यक्ति वा फर्महरुले बाँकी रकम चुक्ता नगरे सम्म र पेश्की/वेरुजु बाँकी हुनेले फर्छ्योट नगरेसम्म बोलपत्र प्रकृयामा भाग लिन पाउने छैनन्। ठेक्का प्रकृयामा भाग लिएमा त्यस्ता बोलपत्रहरुलाई मूल्याङ्कन प्रकृयाबाट हटाई बाँकी रहेका बोलपत्रहरुको मात्र मूल्याङ्कन लगायतका अन्य प्रकृया अगाडि बढाइनेछ।

१०. यस सूचनामा उल्लेख भएका विषयहरु यसै बमोजिम र उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछन्।

(नोटः विस्तृत जानकारी यस कार्यालयको website:www.phedikholamun.gov.np मा समेत हेर्न सकिनेछ। )